सिन्धुली जिल्लाको पहिलो दैनिक

# प्रभात समाचार

PRAVAT SAMACHAR National Daily राष्ट्रिय दैनिक

बर्ष २३ अंक ३३३, २०८० साल चैत ८ गते बिहीबार ( Mar - 21 2024) नेपाल सम्वत ११४३ पृष्ठ ४ मूल्य रु. ०५।-

# शिक्षक, विद्यार्थी अविभावक आचार संहिता अलपत्र

● प्रभात समाचार

सिन्धुली,७चैत/शिक्षक, विद्यार्थी र अभिभावक-आचारसंहिता पालना गर्न अलपत्र परेको छ। शिक्षक आचारसंहिता, विद्यार्थी आचारसंहिता र अभिभावक आचारसंहिता लेखिएको भएपनि पालना भने हुने गरेको छैन।

आचारसंहिताका खास बुंदाहरुका बारेमा शिक्षकहरु नै जानकार नहुँदा आचारसंहिता पालना हुन सकेको छैन। विद्यालयका मुख्य मियोका रुपमा रहेका शिक्षकहरु नै आचारसंहितामा उल्लेख भएका वुंदाहरुप्रति जिम्मेवार नहुँदा त्यसको असर अभिभावक र विद्यार्थीमै परिरहेको छ। 'फ्लेक्समा भएका सबै कुराहरु पालना नगरे पनि मुख्य वुंदाहरु त पालना गर्नुपर्यो नि, त्यो पनि गर्दैनन्।' सिन्धुलीमाढीको एक विद्यालयका प्रधानाध्यापकले नाम उल्लेख नगर्ने सर्तमा भने। 'कम्तीमा विद्यार्थी भने आचारसंहिताबारे थाहा भए पनि नभए पनि पालना गर्छन, शिक्षकहरु त..., के भनौं र खै ? प्रति प्रश्न गर्दै आचारसंहिताबारेमा अभिभावकहरुलाई राम्रो ज्ञान नै नभएको उनले बताए।

आचारसंहिता अनुशासनमा बस्न सिकाउने 'नियमहरुको संग्रह' मात्र नभएर जो सुकैलाई पनि आफ्नो पेशागत मर्यादा, जिम्मेवारी बोध गराउन भक्भक्याइरहने 'गुरु' पनि हो। तर त्यही 'गुरु'ले सिकाइरहेको/ बताइरहेको कुरालाई भने विद्यालयका तीनै पक्षहरु क्रमशः शिक्षक, अभिभावक र विद्यार्थीले नै भुक्याइरहेका छन्।

'यो आचारसंहिताको बोर्ड पनि जिल्ला शिक्षा कार्यालयले अनिवार्य गरेपछि न राखिएको हो, विद्यालय आफैले मनन् गरेर राखेको भए, बृहत छलफल गरेर राखेको भए पो पालना हुन्थ्यो।' आचारसंहिताका वुंदाहरु पालना नहुनुको कारणबारे एक शिक्षकले सटिक जवाफ दिए।'आचासंहिता अन्तर्गत शिक्षकहरु टाइममा स्कुल आउने भन्ने पनि वुंदा




छ, त्यो त पालना गर्न हिच्किचाउँछन् भने अन्य वुंदाको पालनाको त के अपेक्षा गर्नु ?' प्रअहरुको एउटै भनाइ छ।

शिक्षकहरुमात्र नभएर आचारसंहिताको पालनामा अभिभावकहरु पनि उदासीन रहेको प्रअ तथा शिक्षकहरुको भनाइ छ। अभिभावकहरु आफ्ना सन्तानहरुको पढाइ/पढाइ मात्र भन्नेमा पछि लाग्ने स्वभावका छन्। 'आचारसंहिताले शिक्षकसँग कस्तो व्यवहार गर्ने, विद्यालयमा नियमित रुपमा उपस्थित भएर अन्तरक्रिया र छलफल गर्ने वुंदा छ तर अभिभावकहरु परीक्षाफल लिन र शुल्क तिर्न मात्र आउने गरेका छन्।' एक शिक्षकले भने। विद्यालयमा शैक्षिक सुशासन कायम गर्नका लागि आचारसंहिता लागू गरिएको सम्बन्धित निकायले दाबी गरे पनि त्यसको कार्यान्वयनको अवस्थाबारेमा सबै सरोकारवाला निकाय मौन छ।

# प्रमुख प्रशासकीय अधिकृत असन्तुष्ट

● प्रभात समाचार

काठमाडौँ ७ चैत / स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई तीनै तहका सरकारले लगाम लगाउने भएको छ। प्रशासनिक सङ्घीयता कार्यान्वयनमा तीनै तहको सरकारको भूमिका देखाउन सरकारले स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई लगाम लगाउने गरी सङ्घीय निजामती सेवा विधेयकमा प्रस्ताव गरेको छ।

स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई सङ्घीय सरकारले पठाउने, प्रदेशले खटाउने र स्थानीय सरकारले कजाउने गरी सङ्घीय निजामती सेवा विधेयकमा प्रस्ताव गरिएको छ। उक्त प्रस्तावप्रति स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत तथा नेपाल सरकारका अधिकांश उपसचिव र शाखा अधिकृत असन्तुष्ट देखिएका छन्।

गोकर्णेश्वर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थीले स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई भकुन्डो जसरी सङ्घले पठाउने, प्रदेशले खटाउने र स्थानीय तहले कजाउने गरी प्रस्तावित विधेयक जस्ताको त्यस्तै पारित भए प्रशासनिक सङ्घीयता नै कमजोर हुने बताए।

उनले एउटा तहले पठाउने र अर्कै तहले खटाउने गर्दा स्थानीय तहको प्रशासन अहिलेकोभन्दा पनि झनै अस्थिर हुने तर्क गर्नुभयो। उनले भने, "सङ्घले प्रदेशमा पठाएको कर्मचारी सिधै स्थानीय तहमा पठाइन्छ भन्ने सुनिश्चित हुँदैन। सङ्घले पठाएका कर्मचारीलाई प्रदेश सरकारले होल्ड गरेर राख्न सक्ने भएकाले स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतविहीनता लम्बिँदै जान्छ र प्रशासनिक अस्थिरता आउँछ।"

स्थानीय तहमा गाउँ र नगर सभा सञ्चालन, कार्यपालिकाको व्यवस्थापन, निर्णय राजपत्रमा प्रकाशन, न्यायिक समितिमा देखिएका विवाद निरूपण, वार्षिक र आवधिक नीति, कार्यक्रम र बजेट निर्माण र कार्यान्वयनलगायतका काम स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले गर्नुपर्ने स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरिएको छ।

सङ्घीय सरकारले स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत खटाउँदा सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा खटाइने छ। यसरी खटाइएका कर्मचारी सम्बन्धित स्थानीय तहप्रति उत्तरदायी हुने भनी विधेयकमा प्रस्ताव गरिएको छ।

नेपाल सरकारका पूर्वसचिव पूर्णचन्द्र भट्टराईले सङ्घ, प्रदेश र स्थानीय तहको संलग्नता रहने गरी प्रमुख प्रशासकीय अधिकृतको खटनपटन हुने गरी विधेयकमा प्रस्ताव गरिए पनि प्रशासनिक अस्थिरता आउन सक्ने खतरा औँल्या।

उनका अनुसार विधेयकमा प्रस्तावित व्यवस्था कार्यान्वयन भए सङ्घीय सरकारले पठाएका प्रमुख प्रशासकीय अधिकृत प्रदेश सरकारले रिक्त स्थानीय तहमा पठाइहाल्छ भन्ने सुनिश्चित हुँदैन। सङ्घीय सरकारले प्रदेशमा पठाएका कर्मचारी प्रदेश सरकारलाई चित्त नबुझ्दा पुनः तीन/तीन महिनामा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत परिवर्तन हुन सक्छन्। उनले भने, "त्यस्तो अवस्था आउन नदिनका लागि ऐनमा सबै कुरा स्पष्ट गर्नुपर्ने अन्यथा दीर्घकालीन रूपमा प्रशासनिक अस्थिरता कायम रहिरहन सक्छ।"



ललितपुरको कोन्ज्योसोम गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत युवराज आचार्यले प्रशासनिक अस्थिरतता नआउने गरी अहिलेकै जसरी सिधै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सङ्घीय सरकारले नै खटनपटन गर्ने गरी प्रस्तावित विधेयकमा भएको व्यवस्थालाई संशोधन गरी संसद्ले पारित गर्नुपर्ने बताउनुभयो। उहाँका अनुसार अहिले जसरी प्रमुख जिल्ला अधिकारी बन्न सरकारले कर्मचारीलाई विशेष तालिम प्रदान गर्छ, त्यसै गरी स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत बन्नका लागि पनि विशेष तालिम प्रदान गर्नु पर्छ। "स्थानीय तहमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका सरकारका तीन वटै अङ्ग भएको र ती अङ्ग परिचालन गर्ने प्रमुख व्यक्ति प्रमुख प्रशासकीय अधिकृत हुने भएकाले प्रमुख प्रशासकीय अधिकृतलाई एउटा तहले पठाउने अर्को तहले खटाउने गर्दा प्रशासनिक गन्जागोल हुन्छ," उनले भने।

अहिले स्थानीय तहमा सङ्घीय सरकारले प्रमुख प्रशासकीय अधिकृत नपठाएर स्थानीय तह हैरानीमा परेकाले अब प्रदेशले पनि प्रमुख प्रशासकीय अधिकृत नपठाएर पुनः स्थानीय सरकारले हैरानी खेप्नुपर्ने अवस्था आउन सक्नेप्रति उनले चिन्ता प्रकट गरे। सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले संसद्मा पेस भएको सङ्घीय निजामती सेवा ऐन जारी नहुँदासम्म प्रशासनिक अस्थिरता नआउने गरी काम गर्नु पर्छ भने। कर्मचारीका लागि बनाउन लागिएको ऐन कर्मचारीमैत्री बनाएर प्रशासनिक सङ्घीयतालाई चुस्तदुरुस्त पार्ने भन्दै उनले विधेकमाथि छलफलका क्रममा आवश्यक सुझाव प्रदान गर्न आग्रह गर्नुभयो। प्रशासनिक सङ्घीयताको आधारभूमि स्थानीय तह भएकाले स्थानीय तहलाई सक्षम बनाउने गरी सबैको भावना समेटिएर ऐन जारी गर्ने उनले स्पष्ट पारे।

# 'विशेष परिस्थिति घोषणा गरेर सडक दुर्घटना न्यूनीकरणमा जुटौँ'

● प्रभात समाचार

काठमाडौँ ७ चैत / राष्ट्रिय सभाको आजको बैठकमा सांसदहरूले मुलुकमा बढ्दो दुर्घटना न्यूनीकरण गर्न विशेष परिस्थिति घोषणा गरेर अघि बढ्न सरकारको ध्यानाकर्षण गराए। बैठकको आकस्मिक समयमा सांसदहरूले सडक सुरक्षामा ध्यान दिन सरकारसँग आग्रह गरे।

सांसद विमला घिमिरेले सडक दुर्घटनाका समाचार दिनप्रतिदिन बढ्दै गएकातर्फ सरकारको ध्यानाकर्षण गराउँदै दुर्घटनाका घाइतेको निःशुल्क उपचारको प्रबन्ध गर्न आग्रह गरे।

"दिनप्रतिदिन बढ्दो दुर्घटनाले हाम्रा सडक कति असुरक्षित छन् भन्ने देखाएको छ। जीर्ण सडक, चालकको लापरबाही, सवारी साधनको बिग्रँदो अवस्था, सडकमा सवारीको चाप बढ्नुलगायत कारणबाट दुर्घटना बढिरहेको छ", उनले भने, "सवारी साधनको परीक्षण, सडकको स्तरोन्नति, चालक तथा सहचालकलाई तालिम दिन आग्रह गर्दछु।"

सांसद जयन्ती राईले सडक दुर्घटनामा ज्यान गुमाउनेको सङ्ख्या बढ्दो क्रममा रहेको उल्लेख गर्दै दुर्घटना न्यूनीकरणमा विशेष योजना ल्याउन सरकारसँग आग्रह गर्नुभयो। सांसद कृष्णबहादुर रोकायले बढ्दो सडक दुर्घटना न्यूनीकरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद मायाप्रसाद शर्माले सडकलाई स्तरोन्नति गरी सुरक्षित यात्राको व्यवस्था मिलाउन सरकारसँग आग्रह गरे।

सांसद मोहम्मद खालिदले सडक दुर्घटनाबाट हुने मानवीय क्षति डरलाग्दो भएको उल्लेख गर्दै साँघुरा सडक, सवारी साधनको दुरावस्था, चालकको लापरबाहीलगायत कारणबाट दुर्घटना बढिरहेको बताए।

सांसद तुलप्रसाद विश्वकर्माले देशव्यापी रूपमा सडक दुर्घटनाका घटना वृद्धि भएको उल्लेख गर्दै दुर्घटना न्यूनीकरणका उपाय तत्काल अवलम्बन गर्न आग्रह गरे।

## च्याउकोटबाट चियाउँदा



प्रभात समाचार
राष्ट्रिय दैनिक National Daily

## सम्पादकीय

### कृषकको सारथी बन

जनसंख्याको करिव ६५ प्रतिशत नागरिकको मुख्य आयश्रोत भनेकै कृषि पेशा हो । सिन्धुली जिल्लाको हकमा यहाँका करिव ८० प्रतिशत नागकिर कृषि पेशामा आश्रित छन ।

नेपाल सरकारले देशको सम्बृद्धिको मुख्य आधार कृषिलाई नै मानेको छ । जुन देशका करिव ६५ प्रतिशत नागरिक कृषिपेशामा आश्रित छन त्यो देशले कृषिलाई मुख्य श्रोत बनाउनु कुनै अनौठो बिषय भएन । तर यहाँका कृषकहरु खेति बाली लगाउनु भन्दा पनि विऊविजन , मल तथा सिचाईको लागी संघर्षमा नै बढी समय खर्चिने गरेकका छन । विऊ राख्ने सिजनमा यहाँका कृषकहरुले सरदर १५ दिन विऊ खोज्नमा नै व्यथित गर्ने गर्दछन । बल्ल वल्ल विउविजनको जोहो गरेपनि उपयुक्त सिचाई नहुदाँ त्यसको लागी उनीहरुको संघर्ष सुरु हुन्छ, यसपछि रोप्ने बेलामा फेरी पानी समयमा नपर्ने तथा सिचाईको प्रयाप्त सुविधा नहुदाँ रोप्न ढिला हुने , रोपि सकेपछि फेरी मलखादको अभाव, त्यसपछि फेरी बालिमा लागेको रोगको उपचारका लागी प्राविधिकहरु नपाएर समस्या वा बालिनाली सखाप हुने समस्या छ ।

यदी राज्यले कृषि प्रधान देश घोषणा गरेको अवस्थामा राज्यले कृषिलाई नै सम्बृद्धिको आधार मानेको भए कृषकहरुले बर्षेनी झेल्दै आएको यस्ता समस्याहरुको तत्काल समस्या समाधान गरी कम्तिमा पनि कृषकले चाहेको र सिजन अनुसारको विऊविजन, सिचाईको उचित प्रवन्ध, मलखादको उपलव्धतालाई चाडो भन्दा चाडो सम्बोधन गर्नु आवश्यक छ । नभए राज्यको नीति र कार्यक्रम तथा उद्धेश्य पुरा हुने छैन ।

शिद्धबाबा दाना चल्ला सप्लायर्स
कनपा:-६, कृषि उपज बजार, सिन्धुली
यहाँ ब्रोईलर्स, लियर्स, गिरिराज,हास,बटाई, कडकनाथ, टर्की, लौकाट तथा लोकल कुखुराका चल्ला पाउनुका साथै कुखुरा, गाई, भैसी, बंगुर, बाख्रा, माछाका दाना पाईन्छ ।
**यहाँ पशु पालनका लागी आबश्यक पर्ने सम्पूर्ण समाग्रीहरु सस्तो र सुपथ मुल्यमा उपलव्ध छ ।**


सम्पर्क
९८४४०४१०९०, ९८४४०४५४००, ०४७-५२०६१२

# सार्वजनिक संस्थानको गति




**राजनीतिक नेतृत्वले संस्थान सञ्चालनको सिद्धान्त र उद्देश्यविपरीत निहित स्वार्थका लागि व्यवस्थापनलाई गिजोल्दा आर्थिक एवं सामाजिक सुधारका लागि संस्थानहरुले अपेक्षित रूपमा कार्य गर्न सकेका छैनन् ।**



शिवराम न्यौपाने

जनताको हित र कल्याणका लागि सार्वजनिक संस्थानको स्थापना र सञ्चालन गरिएको हुन्छ । त्यसैले सार्वजनिक संस्थानको जनताप्रति दायित्व उच्च रहेको हुन्छ । सरकारको नीति एवं योजना अनुसार सञ्चालन हुने यी संस्थाले निर्वाह गर्ने जिम्मेवारीको अन्तिम उत्तरदायित्व सरकारमा नै रहने गर्दछ । सार्वजनिक संस्थान जनताको दैनिक जीवनयापनसँग सम्बन्ध रहेका अत्यावश्यक वस्तु तथा सेवा सर्वसुलभ एवं सुपथ मूल्यमा उपलब्ध गराउने, रोजगारी सिर्जना गर्ने, विकासका लागि भौतिक पूर्वाधार निर्माण गर्ने, आत्मनिर्भर र स्वाधीन अर्थतन्त्रको आधार तयार गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्ने साथै निजी क्षेत्रको विकासका लागि वातावरण तयार गर्नेलगायत उद्देश्य लिई सञ्चालनमा रहेका छन् । मुलुकको समग्र आर्थिक वृद्धि गरी सामाजिक न्याय प्रवर्धन गर्ने मुख्य ध्येय भएका संस्थान राजनीतिक नेतृत्वको गलत सोच र व्यवहारबाट आक्रान्त छन् । राजनीतिक नेतृत्वले संस्थान सञ्चालनको सिद्धान्त र उद्देश्यविपरीत निहित स्वार्थका लागि व्यवस्थापनलाई गिजोल्दा आर्थिक एवं सामाजिक सुधारका लागि संस्थानले अपेक्षित रूपमा कार्य गर्न सकेका छैनन् । मुलुकमा हुने र नहुनेबिचको अन्तर कायमै रहेको साथै आर्थिक एवं व्यावसायिक दृष्टिले दुर्गम एवं ग्रामीण क्षेत्र कमजोर अवस्थामै रहेका छन् । यस अवस्थाले मुलुकको आर्थिक एवं सामाजिक विकासका लागि अझै पनि सार्वजनिक संस्थान सञ्चालन गर्नु जरुरी देखिन्छ ।

मुलुकमा २०७९ असार मसान्तसम्म कायम रहेका ४४ वटा सार्वजनिक संस्थानमध्ये २५ वटा संस्थान नाफामा र १७ वटा संस्थान घाटामा छन् । दुई वटा संस्थानको कारोबार शून्य रहेको भए पनि यी संस्थानको दायित्वसमेत सरकारको जिम्मेवारीमै रहेको छ । आर्थिक वर्ष २०७७/७८ मा संस्थानको कुल सञ्चालन आय चार खर्ब २२ अर्ब १७ लाख रुपियाँ रहेकामा आव २०७८/७९ मा ३६.२२ प्रतिशतले वृद्धि भई पाँच खर्ब ७५ अर्ब ४३ करोड ५५ लाख रुपियाँ पुगेको छ । गत आवको तुलनामा सार्वजनिक संस्थानको खुद नाफा ९४.१५ प्रतिशतले कमी आई आव २०७८/७९ मा नोक्सानी एक अर्ब ५४ करोड २० लाख रुपियाँ रहेको छ । आव २०७८/७९ मा नाफामा रहेका संस्थानबाट जम्मा छ अर्ब १५ करोड ५१ लाख रुपियाँ लाभांश प्राप्त भएको छ । यो रकम अघिल्लो वर्षको तुलनामा ८.४३ प्रतिशतले कमी देखिएको छ । यो तथ्यले मुलुकका सार्वजनिक संस्थानमा तत्कालै सुधारका कार्ययोजना कार्यान्वयनमा ल्याउनुपर्ने देखिएको छ । राजनीतिक नियुक्तिका लागि भर्तीकेन्द्रका रूपमा प्रयोग हुँदै आएका सार्वजनिक संस्थानलाई आर्थिक भारका रूपमा मात्र राज्यले जिम्मेवारी लिनुपर्ने अवस्थाबाट छिट्टै मुक्त गराउन जरुरी छ । यसका लागि राजनीतिक नेतृत्वले इमानदार भई आफ्नो व्यवहार सुधार गर्नु आवश्यक छ ।

परिवर्तित समय अनुकूल सार्वजनिक संस्थानको समग्र सञ्चालनमा सुधार गर्नका लागि खुला बजार अर्थनीति अवलम्बन गरी व्यवस्थापनमा सुधार गर्ने प्रयास गरियो । यसै अनुरूप सार्वजनिक संस्थानमा सरकारको लगानी निवेश गर्ने नीति अनुरूप हालसम्म ३० वटा संस्थानको निजीकरण गरिएको छ । निजीकरणपछि संस्थानमा लगानी बढ्ने, उत्पादन तथा रोजगारी बढ्ने र समयमा कार्यसम्पादन भई संस्थानहरू क्रमशः आत्मनिर्भर हुँदै जाने अपेक्षा गरिएको भए पनि यो प्रयास सार्थक हुन सकेन । यसमा मूलतः सार्वजनिक संस्थानको निजीकरण गर्दा पर्याप्त अध्ययन विश्लेषण नगरी हचुवामा केही सीमित धनाढ्य समूहसँग साँठगाँठ गरी कमिसन पाउनकै लागि कौडीको मूल्यमा संस्थानका महत्वपूर्ण सम्पत्ति बेच्ने कार्य गरियो । सार्वजनिक जिम्मेवारीमा रहेका राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वको यसमा मिलेमतो मुख्य कारण भएको सहज अनुमान गर्न सकिन्छ । यसबाट मुलुकभित्र रोजगारी एवं दिगो आर्थिक वृद्धिका लागि तयार हुँदै गरेको औद्योगिक विकासका आधार केही वर्षमै ध्वस्त हुन पुग्यो । फलस्वरूप नयाँ पुस्ता रोजगारीका लागि विदेश जान बाध्य भए ।

सार्वजनिक संस्थानको सुधारका लागि निरन्तर प्रयास हुँदै आएको छ । वार्षिक बजेटमार्फत संस्थानको व्यवस्थापकीय पक्ष र कार्यसम्पादनमा सुधार गर्न नीतिगत तथा संस्थागत सुधार गर्ने, कारोबारमा पारदर्शिता र उत्तरदायित्व प्रवर्धन गर्ने, जनशक्ति व्यवस्थापन गर्न उदारीकरण नीति अनुसार स्वायत्तता प्रदान गर्ने, आर्थिक स्थिति सुदृढ गरी संस्थानको व्यावसायिक क्षमता बढाउने, निवेश, निजीकरण, गाभ्ने वा खारेजी गर्ने रणनीति लिइएको छ तर यसबाट उत्साहजनक उपलब्धि हुन सकेको छैन । सार्वजनिक संस्थान कमजोर अवस्थामा रही रहनुमा मूलतः व्यवस्थापकीय सुधारको जिम्मेवारीमा रहेका राजनीतिक एवं प्रशासनिक नेतृत्वको बेवास्ता मुख्य कारण हो । संस्थान व्यवस्थापनको महत्वपूर्ण जिम्मेवारीको पदमा राजनीतिक आस्था एवं अन्य निहित स्वार्थबाट प्रभावित भई नियुक्ति गर्ने प्रवृत्तिका कारण संस्थानलाई व्यावसायिक गराउनेभन्दा स्वार्थ हासिल गर्ने माध्यमका रूपमा उपयोग गरिएको छ । साथै सार्वजनिक संस्थान निर्देशन बोर्डको कार्यक्षेत्र, अधिकार एवं कार्य सञ्चालन व्यवस्थापन कमजोर हुनु, सार्वजनिक संस्थानको कार्यप्रकृति अनुरूप कर्मचारीको प्रतिस्पर्धात्मक क्षमता नहुनु, सार्वजनिक संस्थानको निवेश प्रक्रियामा अनावश्यक स्वार्थ, हस्तक्षेप, विवाद हुनु, संस्थानका कर्मचारी विभिन्न सङ्गठनमा आबद्ध भई राजनीतिक आस्थाका आधारमा अनावश्यक गुटबन्दीमा लाग्नु, समयानुकूल आवश्यक लगानी, प्रविधि विकास र कार्य समायोजनका कार्य हुन नसक्नु जस्ता समस्या कायमै रहेका छन् । यसका कारण संस्थानको क्षमता, विकास सम्भाव्यता, उत्पादकत्व, भौतिक पूर्वाधार क्षमता अनुसारको उत्पादकत्व कायम हुन सकेको छैन । फलस्वरूप सार्वजनिक संस्थानहरू सरकारको आर्थिक एवं प्रशासनिक बोझका रूपमा रहेका छन् ।

सार्वजनिक संस्थानप्रति राजनीतिक नेतृत्वको सोच र व्यवहार परिवर्तन नगरी यसको सुधार हुन सक्दैन । संस्थानमा हुने नियुक्ति राजनीतिक आस्था वा अन्य लेनदेनका आधारमा गर्ने प्रवृत्ति नरोकिएसम्म जतिसुकै सुधारका योजना वा लगानी गरे पनि संस्थान व्यवस्थापनमा सुधार हुन सक्दैन । मूलतः संस्थान सुधारमा राजनीतिक एवं प्रशासनिक नेतृत्वको बेवास्ता रहनु, कुशल नेतृत्व एवं व्यावसायिक गुण भएका व्यक्तिलाई सञ्चालक समिति एवं व्यवस्थापकमा चयन गर्न नसक्नु, नीति, योजना, कार्यक्रमलाई व्यावसायिक गराउन नसक्नु जस्ता कारण रहेका छन् । साथै नीति, योजना, कार्यक्रम र बजेटमा एकरूपता तथा निरन्तरता हुन नसक्नु, परम्परागत सोच र व्यवहार कायमै रहनु, नयाँ प्रविधिको अवलम्बन नहुनु, कर्मचारीमा व्यावसायिक गुण र सिपको कमी हुनु, व्यवस्थापनमा अनुशासन, आचरण, कार्य उत्प्रेरणाको कमी हुनु जस्ता प्रमुख समस्या रहेका छन् । यसका अतिरिक्त व्यवस्थापनमा आवश्यक समन्वय, निर्णय, कार्यादेश गर्नुपर्ने तालुक केन्द्रीय निकायबाट अपेक्षित सहयोग प्राप्त हुन नसक्नु, कार्ययोजना, कार्यसम्पादन करार, कामका आधारमा दण्ड पुरस्कारको कार्यलाई प्रभावकारी गराउन नसक्नु, कर्मचारी ट्रेड युनियनका कारण संस्थानले धान्न नसक्ने सेवासुविधा माग्ने प्रवृत्तिलगायतका समस्यासमेत सार्वजनिक संस्थानको सुधारमा बाधकका रूपमा रहेका छन् ।

सार्वजनिक संस्थानको व्यवस्थापनमा सुधार गरी क्रमशः आत्मनिर्भर गराउन जरुरी छ । यस सन्दर्भमा संस्थानबाट राजनीतिक नेतृत्वले लिने अप्रत्यक्ष वा अनियमित सुविधा बन्द गरिनु पर्दछ । एउटा संस्थानको नाफा अर्को संस्थानको सुदृढीकरणमा लगानी गर्ने, सुविधामा एकरूपता कायम गर्ने, नाफाको अधिकांश रकम संस्थान सुदृढीकरण एवं प्रवर्धनमै लगानी गर्ने, एउटै कार्यप्रकृतिका संस्थानलाई गाभ्ने वा होल्डिङ कम्पनी वा छाता सङ्गठनका रूपमा एकीकृत *बाँकी ४ पेजमा...*



## सार्वजनिक . . .

गरी सञ्चालन गर्ने कार्यलाई जोड दिनु पर्छ । संस्थानका प्रमुखसँग अनिवार्य रूपमा कार्यसम्पादन सम्झौता गरी मूल्याङ्कन गर्ने, कार्यसम्पादनका आधारमा दण्ड, जरिबाना, पुरस्कारको अनिवार्य व्यवस्था गर्ने, सबै सार्वजनिक संस्थानका कर्मचारीको एउटै आधिकारिक ट्रेड युनियन बनाउने कार्यलाई व्यवहारमा लागु गर्नु पर्दछ । साथै कर्मचारी ट्रेड युनियनको कार्यक्षेत्र, व्यवहार, कार्यशैली, अनुशासन, नैतिक दायित्वलगायत विषयलाई समेटी आचारसंहिता तयार गरी लागु गर्नु पर्दछ । कुन कुन संस्थानलाई सरकारले सञ्चालनमा निरन्तरता दिने, कुन कुन संस्थानलाई निजीकरणमा लाने भन्नेबारे दीर्घकालीन सोचसहित ठोस कार्ययोजना कार्यान्वयनमा ल्याउन जरुरी छ ।

मुलुकभित्र रोजगारीका अवसर सिर्जना गर्न र आर्थिक विकासका आधार तयार गर्न जरुरी भएको छ । सार्वजनिक संस्थानको समयानुकूल आवश्यक विकास र विस्तार गर्ने कार्यलाई प्राथमिकता दिनु पर्छ । संस्थानको समग्र विकासका लागि सार्वजनिक र व्यावसायिकताको उद्देश्यमा स्पष्टता र सन्तुलन कायम गर्ने, सञ्चालनमा रहेका संस्थानलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने, बन्द रहेका संस्थानको चलअचल सम्पत्ति घरजग्गा, मेसिन र अन्य सम्पत्तिको अभिलेख चुस्त, दुरुस्त राख्ने जस्ता कार्यलाई शीघ्र कार्यान्वयनमा ल्याउनु पर्छ । उद्यमशीलता, व्यावसायिकता र सार्वजनिकतालाई सम्मिश्रण गरी वस्तु तथा सेवाको गुणस्तर वृद्धि गरी बजार पहुँच विस्तार गर्ने, व्यवस्थापकीय क्षमता बढाउने कार्यलाई जोड दिनु पर्दछ । यसका अतिरिक्त निजी क्षेत्रसँग गुणस्तर र मूल्यमा प्रतिस्पर्धा गरी सञ्चालन क्षमता बढाउने, संस्थानको खरिद व्यवस्थापन एवं मूल्य निर्धारणलगायत विषयमा सञ्चालन स्वायत्तता प्रदान गरी जनशक्ति व्यवस्थापनमा प्रभावकारिता कायम गर्नेलगायत कार्यलाई सबै सार्वजनिक संस्थानले महत्व दिनु पर्दछ । यसका लागि मूलतः सार्वजनिक संस्थान सञ्चालनको जिम्मेवारीमा रहेका राजनीतिक नेतृत्वले इमानदार भई प्रतिबद्धताका साथ अग्रसर हुनु पर्दछ । गोरखापत्र अनलाईनबाट साभार

# नेपाली क्रिकेट सकारात्मक बाटोमा : बार्कले

● प्रभात समाचार

काठमाडौँ ७ चैत / अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) का अध्यक्ष ग्रेग बार्कलेले नेपाली क्रिकेट सकारात्मक बाटोमा अगाडि बढेकोमा खुशी ब्यक्त गरे ।

चारदिने नेपाल भ्रमणमा आउनुभएका अध्यक्ष बार्कलेले बुधबार सञ्चारकर्मीसँग छलफल गर्दै नेपालले छोटो समयमा क्रिकेटमा गरेको प्रगतिले विश्व समुदायलाई उत्साहित बनाएको पनि बताए ।

"क्रिकेट खेलको विकासका लागि नेपाल सरकार, सरोकारवाला निकाय र नेपाल क्रिकेट सङ्घ (क्यान) को चासो तारिफ योग्य छ । नेपालले अन्य एसोसिएट राष्ट्रले गरेको गतिविधिलाई पनि नियाल्न आवश्यक छ । आसन्न आइसिसी टी-२० विश्वकप खेल्दै गरेको नेपालले आगामी दिनमा थप प्रगति गर्नेमा म विस्वस्थ छु । आइसिसीले नेपालले तय गरेको लक्ष्यमा आवश्यकता अनुसार सहयोग गर्ने हो । यहाँको महत्वकांक्षा र लक्ष्य अनुरुप क्रिकेटलाई अगाडि लैजान आइसिसी सहयोग गर्न सँधै तत्पर छ," बार्कलेले भने ।



आइसिसीले नेपाललाई ठूला अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न दिन र न्युटल भेन्युको रुपमा छनोट गर्न यहाँको संरचनालाई पनि ध्यान दिनुपर्ने बार्कलेको भनाई छ । बार्कलेले नेपाल भ्रमणका क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', युवा तथा खेलकुद मन्त्री विराजभक्त श्रेष्ठ, राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टंकलाल घिसिङ र क्यानका पदाधिकारीसँग छुट्टाछुट्टै भेट र छलफल गरेका थिए ।

छलफलका क्रममा नेपालको सबै 'स्टेक होल्डर'ले यहाँको क्रिकेट खेलको विकासमा चासो देखाएको आफुले पाएको पनि अध्यक्ष बार्कलेले बताए । उनले आइसिसीको सहयोग र नेपाल सरकारको समेत लगानीमा बनेको मुलपानी क्रिकेट मैदान र कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानको समेत अवलोकन गरे ।

यस्तै क्यानका सचिव पारस खड्काले बार्कलेको भ्रमणले नेपाली क्रिकेटको बास्तविक अवस्थालाई आइसिसीले नजिकबाट हेरेको र नेपाली क्रिकेटमा विगतमा देखिएको अन्योलता पूर्ण रुपमा निवारण भएको बताए । खड्काले आइसिसीले मुख्यगरी नेपाल र बंगलादेशले सन् २०२७ मा संयुक्त रुपमा आयोजना गर्ने आइसीसी यू-१९ विश्वकपलाई विशेष रुपमा चासो दिएको पनि बताए । क्यानका अध्यक्ष चतुरबहादुर चन्दले आइसिसी अध्यक्ष बार्कलेको भ्रमणले नेपाली क्रिकेटको विकासमा थप माहोल बनेको बताए । कार्यक्रममा क्यानका उपाध्यक्ष रोशनकुमार सिंह, कोषाध्यक्ष पदम खड्कालगायत पदाधिकारीको उपस्थिति रहेको थियो । अध्यक्ष बार्कले बिहीबार भारत जानेछन् ।

## आन्तरिक प्रयोजनको लागी काठ दाउरा बिक्रि बितरण सम्बन्धी सूचना

**मितिः २०८०/१२/०८ गते**

श्री त्रिवेणी सा.व.उ.स. कमलामाई न.पा.-१ सिन्धुलीको वन क्षेत्रबाट आ.ब. २०८०/०८१ मा उत्पादन भएको साल तथा अन्य जातको गोलिया काठ ४३४२.२२ क्यू फिट र दाउरा १०.०८ चट्टा डिभिजन वन कार्यालय मरिण (सिन्धुली ) को कटान आदेश अनुसार कटान भई घाटगद्धिमा रहेकाले समूहको आन्तरिक खपत, छिमेकी समुह भित्रका अन्य व्यक्ति समेतका लागी सामुदायीक वनको काठ दाउरा बिक्रि बितरण निर्देशिका २०७१ अनुसार विक्रि बितरण गर्नुपर्ने भएकाले यो १५ (पन्ध्र दिने) सुचना प्रकाशित गरिएको छ। थप जानकारीको लागी यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालय वा सव डिभिजन वन कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ।

**श्री त्रिवेणी सामुदायिक वन उपभोक्ता समुह**
**कमलामाई नगरपालिका १ सिन्धुली**

## आन्तरिक प्रयोजनको लागी काठ दाउरा बिक्रि बितरण सम्बन्धी सूचना

**मितिः २०८०/१२/०८ गते**

श्री ज्यामिरे सामुदायिक वन उपभोक्ता समुह कमलामाई न.पा.- ४ सिन्धुलीको वन क्षेत्रबाट आ.ब. २०८०/०८१ मा उत्पादन भएको सालको २३८४.९६ क्यूफिट र ५.३५ चट्टा दाउरा डिभिजन वन कार्यालय मरिण (सिन्धुली ) को कटान आदेश अनुसार समूहको आन्तरिक खपत, छिमेकी समुह भित्रका अन्य व्यक्ति समेतका लागी सामुदायीक वनको काठ दाउरा बिक्रि बितरण निर्देशिका २०७१ अनुसार विक्रि बितरण गर्नुपर्ने भएकाले यो १५ (पन्ध्र दिने) सुचना प्रकाशित गरिएको छ। थप जानकारीको लागी यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालय वा सव डिभिजन वन कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ।

**श्री ज्यामिरे सामुदायिक वन उपभोक्ता समुह**
**मरिण गाउँपालिका ४, सिन्धुली**

## Golanjor Rural Municipality
## Office of the Rural Municipal Executive
### Gwaltar, Sindhuli

## Invitation for Sealed Quotation

(First Date of Publication: 6th Falgun 2080)
(Second Date of Publication: 8th Chaitra 2080)

1. The Golanjor Rural Municipality invites sealed Quotation from the eligible bidders for the procurement of following goods under Sealed Quotation procedures:
2. Eligible bidders may obtain the further information and inspect the bidding documents at the Golanjor Rural Municipality, Office of the Rural Municipal Executive, Gwaltar Sindhuli within office hours.

| Contract ID No. | Description | Unit | Quantity | Minimum Bid Security Amount (NRS) | Cost for Bid document (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| GRM/SIN/GOODS/ SQ/19/080/081 | Protein Bait (Great Fruit fly bait, Insecticide: Fruit fly bait (protein hydrolysate 25%+abamectin 0.1%) | 5 Litre Jerry Can | 96 Jerry Can | 24,000.00 | 1000.00 | Must be Registered at MOALD, Pesticide Management and Registration Section, Government of Nepal |

**Chief Administrative Officer**


## बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई:

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक बाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

TVS
साथ छ हाम्रो, सम्बन्ध सधैं भरीलाई

श्रेष्ठ ट्रेडर्स
क.न.पा. ६, १ नं. बजार, सिन्धुली

सम्पूर्ण मेशिनरी सामग्रीहरू, कृषि मेशिनरी औजार, वाटर पम्प, मिल, जेनेरेटर पाइनुका साथै यसका सम्पूर्ण पार्टसपुर्जा पनि पाइन्छ । मर्मत पनि गरिन्छ ।

०४७-५२११४१ / ९८५४०४५९९९




प्रभात समाचार राष्ट्रिय दैनिकका लागि प्रकाशक / प्रधान सम्पादक द्वारिका काफ्ले, प्रबन्ध निर्देशक विमला पाण्डे, कार्यकारी सम्पादक विदुर पौडेल, कार्यालय कमलामाई न.पा.-५, मधुटार सिन्धुली
मुद्रण : लालिगुराँस अफसेट प्रेस सिन्धुली, सम्पादक सञ्जयकुमार दाहाल, फोन : ०४७-५२०३९० Email : pravatsamachar2068@gmail.com, website : www.pravatsamachar.com, www.esajhanepal.com